नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः-
च.नं.

# प्रेस विज्ञप्ति

आज मिति २०८२ माघ २० गते (तदनुसार ३ फेब्रुअरी २०२६) माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिल कुमार सिन्हाज्यूसँग नेपालका लागि युरोपियन यूनियनका राजदूत H.E. Mrs. Veronique Lorenzo ले यस मन्त्रालयमा शिष्टाचार भेटघाट गर्नुभएको व्यहोरा सम्वन्धित सबैलाई जानकारी गराइन्छ।

उक्त भेटवार्तामा आगामी २०८२ फागुन २१ (५ मार्च २०२६) मा हुने प्रतिनिधि सभाको निर्वाचन, नेपाल सन् २०२६ मा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति, हवाई सुरक्षा तथा पर्यटन प्रवर्द्धन लगायतका विषयमा छलफल भयो।

माननीय मन्त्री सिन्हाले नेपालले उड्डयन सुरक्षा र नेपाल नागरिक उड्डयन प्राधिकरणको संस्थागत क्षमता वृद्धिका लागि गरेका सुधारका प्रयास, निर्वाचन तयारी तथा पर्यटन प्रवर्द्धनका लागि भएका नीतिगत सुधारहरूबारे अवगत गराउनुभयो। महामहिम राजदूतले नेपाललाई हवाई सुरक्षा सूचीबाट हटाउनु ईयू र नेपाल दुवैको साझा लक्ष्य रहेको बताउँदै नेपालले हवाई सुरक्षा सुधारमा गरेको प्रयास तथा क्षेत्रीय समस्या समाधानमा देखाएको तदारुकताप्रति सन्तोष व्यक्त गर्नुभयो।

यस भेटघाटले नेपाल र युरोपियन युनियनबीचको सम्बन्ध तथा साझेदारीलाई थप सुदृढ बनाउनुका साथै उड्डयन सुरक्षाको क्षेत्रमा नयाँ उचाइ लिने विश्वास गरिएको छ।

*मितिः २०८२ माघ २० गते, मंगलबार।*
*ने.सं. ११४६, सिल्लागा*

(गोकर्ण प्रसाद उपाध्याय)
उपसचिव/सहायक प्रवक्ता